नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४७ | अङ्क १० | असार २०८० | जुन-जुलाई २०२३


# संरचनागत रूपान्तरण आवश्यकः प्रधानमन्त्री




प्रधानमन्त्री पुष्पकमल दाहालले आर्थिक विकास र समृद्धिको निम्ति सबै क्षेत्रमा संरचनात्मक रूपान्तरण हुनुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

जेठ १ गते बैंक परिसर बालुवाटारमा आयोजित नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, नेपाल राष्ट्र बैंक समितिको चौथो केन्द्रीय महाधिवेशन उद्घाटनका अवसरमा प्रधानमन्त्री दाहालले भन्नुभयो, "हाम्रो ध्यान दिगो आर्थिक विकास र समृद्धि हासिल गर्नेतर्फ केन्द्रित गर्न जरुरी छ । यसअघि भइआएका र गरिआएका कामको निरन्तरताबाट हामी अघि बढ्न सक्दैनौ भन्ने प्रष्ट छ । तसर्थ हरेक क्षेत्रमा आमूल परिवर्तन र संरचनात्मक रूपान्तरणको आवश्यकता छ ।" विकसित मुलुकमा स्तरोन्नति हुन, दिगो विकास र समृद्धिको लक्ष्य हासिल गर्न राज्यका सबै सरोकारवालाको समन्वयात्मक प्रयास हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सरकारले अवलम्बन गरेको नीतिगत व्यवस्थाका कारण शोधनान्तर स्थितिसँगै तरलता र ब्याजदरको अवस्थामा सुधार आएको प्रधानमन्त्रीको भनाइ थियो । बैंकिङ क्षेत्रको विकाससँगै वित्तीय पहुँच विस्तार भएको उल्लेख गर्दै उहाँले वित्तीय स्रोतको लगानीबाट मुलुकको आन्तरिक उत्पादन र रोजगारी सिर्जनामा योगदान पुग्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले सरकार र केन्द्रीय बैंकबीच नीतिगत समन्वय प्रभावकारी रहेको उल्लेख गर्दै अर्थतन्त्रका चुनौतीलाई सम्बोधन गर्न सबै पक्ष मिलेर अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो । विदेशी विनिमय व्यवस्थापनको निम्ति अवलम्बन गरिएको प्रभावकारी नीतिगत व्यवस्थाका कारण विदेशी विनिमय सञ्चिति सुविधाजनक अवस्थामा रहेको चर्चा गर्दै यसमा सबै पक्षबाट सहयोग प्राप्त भएको स्पष्ट पार्नुभयो ।

सो अवसरमा अर्थविद् नरबहादुर थापाले कार्यक्रममा 'अर्थतन्त्रको वर्तमान चुनौती तथा समाधान' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ र पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले कार्यपत्रमाथि टिप्पणी गर्नुभएको थियो ।

यसैबीच, सङ्गठनको चौथो महाधिवेशनबाट कृष्ण केसीको अध्यक्षतामा नयाँ केन्द्रीय समिति निर्वाचित भएको छ । सङ्गठनको उपाध्यक्ष मोहनध्वज खड्का र गीता खतिवडा, महासचिव गोपीकृष्ण अर्याल, सचिव थलप्रसाद बजगाईं र हरिप्रसाद अर्याल, कोषाध्यक्ष कुशल ढकाल र सह-कोषाध्यक्षमा राजन पुडासैनी निर्वाचित हुनुभएको छ । यसै गरी, सदस्यमा गणेशबहादुर कार्की, स्वेरिटी महर्जन, मुकुन्द नेपाल, टङ्कप्रसाद वाग्ले, पूर्णमाया बस्नेत, सानुकाजी महर्जन, हरिचन्द्र कार्की, मनोजकुमार थापा, लीलाबहादुर निरौला, सोनी अधिकारी, प्रधुन केसी, रोहन व्यञ्जनकार, दीपेन्द्र खड्का, अमितकुमार तिमल्सेना र रामबहादुर कटुवाल निर्वाचित हुनुभएको जनाइएको छ । ■

# लेखापरीक्षणसम्बन्धी गोष्ठी सम्पन्न




आन्तरिक लेखापरीक्षण विभागले जेठ ५ र ६ गते भक्तपुरको नगरकोटमा आन्तरिक तथा बाह्य लेखापरीक्षणका क्रममा देखिएका कैफियत र जोखिममा आधारित आन्तरिक लेखापरीक्षणसम्बन्धी गोष्ठी आयोजना गर्‍यो।

गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र तथा लेखापरीक्षण समितिका सदस्य रामप्रसाद डोटेलको उपस्थितिमा विभागले उक्त गोष्ठी आयोजना गरेको हो। कार्यक्रममा बैंकका कार्यकारी निर्देशक, निर्देशक, प्रदेशस्थित कार्यालय प्रमुख तथा विभागका कर्मचारीको सहभागिता थियो।

कार्यक्रममा गभर्नर अधिकारीले आन्तरिक लेखापरीक्षण विभागले राष्ट्र बैंकको मार्गदर्शकको रूपमा कार्य गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। समसामयिक कानुनी र नीतिगत व्यवस्थाका सम्बन्धमा आन्तरिक लेखापरीक्षकहरू जानकार रहनुपर्ने उल्लेख गर्दै गभर्नर अधिकारीले लेखापरीक्षकबाट औँल्याइने कैफियत र निर्देशनहरू स्पष्ट, स्वतन्त्र र यथार्थपरक हुनुपर्ने धारणा राख्नुभयो। आन्तरिक लेखापरीक्षण विभागलाई स्वायत्त रूपले कार्यसम्पादन गर्ने वातावरण निर्माण र लेखापरीक्षकको क्षमता विकासको निम्ति बैंक व्यवस्थापन संवेदनशील रहेको उहाँको भनाइ थियो।

सो अवसरमा डेपुटी गभर्नर डा.नीलम ढुङ्गाना तिम्सिनाले आन्तरिक लेखापरीक्षण विभागले औँल्याउने कैफियतलाई न्यूनीकरण गर्नेगरी कार्यसम्पादन गर्न सबै विभाग/कार्यालयको ध्यानाकर्षण गराउनुभयो। डेपुटी गभर्नर बमबहादुर मिश्रले जोखिम रजिष्टरलाई परिस्थितिअनुरूप अद्यावधिक गर्नुपर्ने र समयमै जोखिमको पहिचान गरी त्यसको न्यूनीकरण गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो।

लेखापरीक्षण समितिका सदस्य रामप्रसाद डोटेलले आन्तरिक लेखापरीक्षण विभागले प्रभावकारी ढङ्गले कार्य गर्दा बैंकको समग्र कार्यसम्पादनमा थप सुधार हुने र बैंकको उद्देश्य प्राप्तिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। लेखापरीक्षकबाट औँल्याइने कैफियतहरू यथार्थपरक, प्रामाणिक र नतिजामुखी हुनुपर्ने उहाँको धारणा थियो।

गोष्ठीको पहिलो दिन आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक विमलराज खनालले 'आन्तरिक लेखापरीक्षण विभागको आ.व. २०७८/७९ को आन्तरिक लेखापरीक्षणबाट औँल्याइएका मुख्य कैफियत, बाह्य लेखापरीक्षणका क्रममा देखिएका कैफियत र वार्षिक अनुगमनको अवस्था' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो। आउँदो आर्थिक वर्षदेखि नेपाल राष्ट्र बैंकका सम्पूर्ण विभाग/कार्यालयमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षण गरिने जानकारी उहाँले दिनुभयो।

कार्यक्रमको दोस्रो दिन संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारीले "Risk management in NRB" विषयक कार्यपत्र प्रस्तुत गर्दै 'थ्री लाइन अफ डिफेन्स'को अभ्यासबारे प्रकाश पार्नुभयो। आन्तरिक लेखापरीक्षण विभागका निर्देशक विना ढकाल पौडेलले "Risk Based Internal Audit (RBIA) in NRB" विषयक कार्यपत्र प्रस्तुत गर्दै जोखिममा आधारित आन्तरिक लेखापरीक्षणको अन्तर्राष्ट्रिय अभ्यास तथा विकासक्रम, नेपाल राष्ट्र बैंकमा कार्यान्वयनको अवस्था, आगामी रणनीति र चुनौतीका विषयमा प्रकाश पार्नुभयो।

गोष्ठीमा सहभागी कार्यकारी निर्देशक र निर्देशकहरूले लेखापरीक्षणको क्रममा देखिएका कैफियत तथा सुधारका सम्बन्धमा आ-आफ्ना विभागका धारणा र सुझाव प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा आन्तरिक लेखापरीक्षण विभागका निर्देशक डिलाराम सुवेदीले स्वागत मन्तव्य राख्दै गोष्ठीको औचित्य र महत्वमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक राजनप्रसाद रेग्मीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# विदेशी विनिमय सटहीको दुरूपयोग रोक्नुस् : गभर्नर अधिकारी




गभर्नर महाप्रसाद अधिकारीले विदेशी विनिमय सटही सुविधाको दुरुपयोग भइरहेको भन्दै त्यसलाई रोक्न बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिनुभएको छ ।

विदेशी विनिमय व्यवस्थापन विभागद्वारा जारी विदेशी विनिमय कारोबारसम्बन्धी एकीकृत परिपत्रका सन्दर्भमा वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागितामा जेठ २५ गते काठमाडौंमा आयोजित अन्तरक्रिया कार्यक्रममा उहाँले यस्तो निर्देशन दिनुभएको हो । आयातित सामानको अधिक बिजकीकरण गरेर विनिमय सटहीको दुरुपयोग भइरहेको धारणा गभर्नर अधिकारीले राख्नुभयो । "आयातित सामानमा अधिक बिजकीकरण हुने गरेको छ । हामीले दुःख गरेर सञ्चित गरेको विदेशी विनिमयको यसरी दुरुपयोग हुन त दिनुभएन नि ! यो प्रवृत्तिलाई रोक्न तपाईंहरू संवेदनशील बन्नैपर्छ ।" उहाँले भन्नुभयो ।

विदेशी विनिमय सटहीको दुरुपयोगलाई निरुत्साहित तुल्याउन प्रतीतपत्र र अन्य कागजातको प्रभावकारी विश्लेषण गर्नुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो । हाल वित्तीय प्रणालीमा विदेशी विनिमय सञ्चितिको अवस्था पर्याप्त रहे तापनि खुकुलो पार्न नसकिने समेत उहाँले स्पष्ट पार्नुभयो । विदेशी विनिमय कारोबारसम्बन्धी नीतिगत व्यवस्थामा आवश्यक सुधारको निम्ति सुझाव उपलब्ध गराउनसमेत उहाँले प्रमुख कार्यकारी अधिकृतहरूलाई आग्रह गर्नुभएको थियो ।

कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक रामु पौडेलले विदेशी विनिमय व्यवस्थापनको वर्तमान स्थिति र राष्ट्र बैंकको नीतिगत व्यवस्थासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले विदेशी विनिमय व्यवस्थापनमा राष्ट्र बैंकका प्राथमिकता, नेपालमा शोधनान्तर स्थितिको तुलनात्मक आँकडा, सरकार र बैंकले अवलम्बन गरेका नीति, आयात र निर्यातसम्बन्धी प्रक्रियासँगै विदेशी विनिमय कारोबारको निम्ति जारी गरिएको एकीकृत परिपत्रका व्यवस्थाका सम्बन्धमा जानकारी दिनुभयो ।

कार्यपत्र प्रस्तुतिपछि सहभागीहरूबीच अन्तरक्रिया भएको थियो । त्यस क्रममा सहभागीका तर्फबाट विदेश विनिमय कारोबारका क्रममा आइपरेका नीतिगत र व्यावहारिक कठिनाइ प्रस्तुत गर्दै परिमार्जनका निम्ति विभिन्न सुझावहरू उपलब्ध गराइएको थियो । डेपुटी गभर्नर बमबहादुर मिश्रले अन्तरक्रिया सत्रको संयोजन गर्दै सहभागीकाबाट प्राप्त सुझावलाई कार्यान्वयन गर्न बैंक अग्रसर रहने जानकारी दिनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिना, राष्ट्र बैंकका उच्च अधिकारी, वाणिज्य बैंकका ट्रेजरी तथा ट्रेड फाइनान्स विभागका प्रमुखहरूको उपस्थिति थियो । विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक निश्चल अधिकारीले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक दिपिका चन्दले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# नियमनकारी तथा सुपरिवेक्षकीय निकायसँग अन्तरक्रिया




वित्तीय जानकारी इकाइले जेठ २४ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि नियमनकारी तथा सुपरिवेक्षकीय निकायहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा नेपाल राष्ट्र बैंकका नियमन र सुपरिवेक्षण विभाग, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, सहकारी विभाग, आन्तरिक राजस्व विभाग, पर्यटन मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल कानुन व्यवसायी परिषद्, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी बैंक र नेपाल बैंकर्स संघका प्रतिनिधिको सहभागिता थियो । यसै गरी, अनुसन्धानकारी निकायका तर्फबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरीका प्रतिनिधिको समेत कार्यक्रममा सहभागिता थियो ।

सो अवसरमा गभर्नर अधिकारीले सङ्गठित रूपमा सञ्चालन हुने वित्तीय अपराधलाई निस्तेज तुल्याउन सम्पूर्ण नियमनकारी, सुपरिवेक्षकीय तथा अनुसन्धानकारी निकायहरूबीच प्रभावकारी समन्वय हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । सम्बद्ध निकायबीचको सहकार्यबाट मात्रै सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानीविरुद्ध राज्य सफल हुने धारणा उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव एवम् सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी राष्ट्रिय समन्वय समितिका संयोजक उदयराज सापकोटाले राष्ट्रिय समन्वय समितिबाट भएका कार्यसम्पादनबारे चर्चा गर्नुभयो । वित्तीय जानकारी इकाइका प्रमुख दीर्घबहादुर रावलले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कार्यका निम्ति थप राष्ट्रिय समन्वय तथा सहकार्यको आवश्यकता औँल्याउँदै तेस्रो चरणको पारस्परिक मूल्याङ्कनले सुझाएका क्षेत्रमा सुधारको निम्ति क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा इकाइका उप-निर्देशक स्वरूप श्रेष्ठ, नेपाल धितोपत्र बोर्डका निर्देशक रितम्भरा बस्नेत, नेपाल बीमा प्राधिकरणका उप-निर्देशक हृदयश्वर पण्डित र सहकारी विभागका उप-रजिष्ट्रार टोलराज उपाध्यायले छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । चार वटै कार्यपत्रमा सम्पत्ति शुद्धीकरण निवारण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि नियमनकारी तथा सुपरिवेक्षकीय निकायको भूमिका, राष्ट्रिय रणनीति तथा कार्ययोजनाको कार्यान्वयन, पारस्परिक मूल्याङ्कन, गो-एएमएल प्रणालीको कार्यान्वयन, निकायबीचको समन्वयलगायतका विषयहरू समेटिएको थियो ।

सो अवसरमा कानुन मन्त्रालयका सचिव धनराज ज्ञवालीले अन्तर्राष्ट्रिय मापदण्डबमोजिम सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी १९ वटा कानुन संशोधनका लागि प्रतिनिधिसभामा पेस गरिएका विधेयक छलफलको क्रममा रहेको र छिट्टै संशोधन हुने विश्वास व्यक्त गर्नुभयो । बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि नियमनकारी र सुपरिवेक्षकीय निकायको भूमिकाबारे सजग बनाउन तथा एक-आपसमा समन्वय गर्ने सन्दर्भमा कार्यक्रम सफल रहेको बताउनुभयो ।

कार्यक्रममा इकाइका उप-निर्देशक केशवप्रसाद रिमालले समापन मन्तव्य राख्नुभयो भने सहायक निर्देशक अमिष शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वार्षिक कार्ययोजना तथा बजेट सम्बन्धी व्यवस्थापन गोष्ठी सम्पन्न




संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा गर्ने सिलसिलामा २०८० जेठ २६ र २७ गते काठमाडौंमा व्यवस्थापन गोष्ठी आयोजना गर्‍यो ।

गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र तथा सञ्चालक चिन्तामणि शिवाकोटीको उपस्थितिमा आयोजित गोष्ठीमा सबै विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशक, कर्मचारी युनियनका प्रतिनिधिलगायतको सहभागिता थियो ।

सो अवसरमा गभर्नर अधिकारीले कतिपय विभागको कार्ययोजनामा विनियोजित बजेट र यथार्थ खर्चबीच तालमेल नदेखिएको उल्लेख गर्दै बजेट तयारी गर्दा पर्याप्त गृहकार्य गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । आगामी आर्थिक वर्षको बजेट र वार्षिक कार्ययोजनालाई यथार्थपरक बनाउनसमेत उहाँले निर्देशन दिनुभयो । कार्ययोजनाको समीक्षामा प्रयोग हुने भाराङ्कलाई वैज्ञानिक बनाउनुपर्ने उहाँको धारणा थियो ।

गोष्ठीमा डेपुटी गभर्नरद्वय बमबहादुर मिश्र र डा. नीलम ढुङ्गाना तिम्सिनाले क्रमशः पहिलो र दोस्रो दिनको व्यावसायिक सत्रको अध्यक्षता गर्नुभएको थियो । व्यावसायिक सत्रमा सबै विभाग/कार्यालयका कार्यकारी निर्देशक र विभिन्न महाशाखा/इकाइ/प्रदेशस्थित कार्यालयका प्रमुखहरूले आर्थिक वर्ष २०८०/८१ को लागि प्रस्तावित वार्षिक कार्ययोजना प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारीले बैंकको आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्ययोजना तथा बजेटको कार्यान्वयन अवस्था र आर्थिक वर्ष २०८०/८१ को लागि विभाग/कार्यालयद्वारा प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेटसम्बन्धी संक्षिप्त विवरण प्रस्तुत गर्नुभयो ।

सो अवसरमा डेपुटी गभर्नर तिम्सिनाले समयक्रमसँगै बैंकका कार्यको दायरा र प्रकृतिसमेत परिष्कृत हुँदै गएको सन्दर्भमा प्रदेशस्थित कार्यालय र बैंक तथा वित्तीय संस्थाबीचको समन्वयलाई प्रभावकारी बनाउनुपर्ने विचार व्यक्त गर्नुभयो । डेपुटी गभर्नर मिश्रले बैंकका कामकारबाहीलाई प्रविधिमैत्री बनाउनुपर्ने, रणनीतिक योजना र कार्ययोजनाबीच सामञ्जस्य हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । पछिल्लो तीन वर्षमा बैंकबाट धेरै नीतिगत व्यवस्था जारी भएको उल्लेख गर्दै उहाँले तिनको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो । गोष्ठीमा बैंकका सञ्चालक चिन्तामणि शिवाकोटीले बैंकको वार्षिक खर्चको प्रक्षेपण यथार्थपरक हुनुपर्ने उल्लेख गर्दै वार्षिक कार्ययोजनालाई रणनीतिक योजनासँग तालमेल मिलाउन सुझाव दिनुभयो ।

सो अवसरमा सबै विभागको तर्फबाट बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले कतिपय कार्ययोजना महत्वकांक्षी देखिएको उल्लेख गर्दै कार्यान्वयनमा अन्तर्विभागीय समन्वय हुनुपर्ने धारणा राख्नुभयो । प्रदेशस्थित कार्यालयका तर्फबाट सिद्धार्थनगर कार्यालयका निर्देशक सत्येन्द्रराज सुवेदीले सफा नोट नीति, जालीनोट पहिचानमा देखिएका व्यावहारिक समस्यालगायतका विषयमा प्रकाश पार्नुभएको थियो । यसै गरी, उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकमा क्रियाशील कर्मचारी संघ/सङ्गठनका प्रतिनिधिले आर्थिक वर्ष २०८०/८१ को लागि प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेटलाई प्रभावकारी बनाउने सम्बन्धमा सुझाव प्रस्तुत गर्दै विविध समसामयिक विषयमा आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा बैंकका नीतिगत तथा संरचनागत विषयमा सहभागीहरूबीच छलफल भएको थियो । सो अवसरमा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका निर्देशक विनोदराज आचार्यले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक अस्मिता खनालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# गभर्नर अधिकारी र विश्व बैंक दक्षिण एसियाका उपाध्यक्ष रेजरबीच भेटवार्ता

गभर्नर महाप्रसाद अधिकारी र विश्व बैंक, दक्षिण एसियाका उपाध्यक्ष मार्टिन रेजरबीच जेठ २६ गते भेटवार्ता सम्पन्न भएको छ ।

गभर्नरको कार्यालयमा भएको भेटवार्तामा उहाँहरूबीच नेपालको वर्तमान आर्थिक तथा वित्तीय स्थिति, वित्तीय क्षेत्रका चुनौती, विद्युतीय भुक्तानीको विकास र आगामी आर्थिक कार्यदिशाका विषयमा छलफल भयो । भेटका अवसरमा गभर्नर अधिकारीले नेपालको वर्तमान वित्तीय स्थितिसँगै वित्तीय समावेशीकरण, नियामकीय र सुपरिवेक्षकीय सुधारका प्रयास, विद्युतीय भुक्तानी प्रणालीको विकासलगायत नेपाल राष्ट्र बैंकका नीतिगत प्राथमिकताबारे जानकारी गराउनुभयो ।



सो अवसरमा उपाध्यक्ष रेजरले राष्ट्र बैंकले अवलम्बन गरेको मौद्रिक नीति र अन्य नीतिगत व्यवस्थाको प्रशंसा गर्दै बाह्य क्षेत्र र तरलताको अवस्थामा देखिएको सुधारलाई विश्व बैंकले सकारात्मक रूपमा लिएको धारणा राख्नुभयो । नेपालको समग्र वित्तीय क्षेत्र सुधारसँगै ग्रीन फाइनान्स र लघुवित्तको प्रवर्द्धन, विद्युतीय भुक्तानीको प्रवर्द्धन तथा सम्पत्ति शुद्धीकरण निवारणमा आवश्यक सहयोग गर्न विश्व बैंक प्रतिबद्ध रहेको धारणा उहाँले राख्नुभयो । भेटका अवसरमा उहाँहरूबीच मौद्रिक नीति र वित्त नीतिको समन्वय, कर्जाको स्थिति, आर्थिक वृद्धिलगायतका विषयमा समेत छलफल भएको थियो ।

भेटका अवसरमा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रसँगै बैंकका उच्च अधिकारीहरू उपस्थित हुनुहुन्थ्यो । यसै गरी, विश्व बैंकका नेपालस्थित कन्ट्री डाइरेक्टर फारिस हदाद जेर्वोस, अपरेसन्स म्यानेजर लादा स्ट्रेलकोभा, अन्तर्राष्ट्रिय वित्त निगमका नेपाल प्रतिनिधि बाबाकर सेदिख फायलगायतका अधिकारीको उपस्थिति थियो । ■

# बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरूसँग अन्तरक्रिया

गभर्नर महाप्रसाद अधिकारीले विदेशबाट वस्तु तथा सेवा आयात गर्दा 'ओभर इन्भ्वाइसिङ' देखाएर नेपालबाट पुँजी पलायन भइरहेको बताउनुभएको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा जेठ २३ गते आयोजित बैंक तथा वित्तीय संस्थाका अध्यक्ष तथा सञ्चालकहरूसँगको अन्तरक्रियामा उहाँले उक्त धारणा राख्नुभएको हो । उहाँले भन्नुभयो , "भन्सार शुल्क कम भएका वस्तुमा ओभर इन्भ्वाइसिङ गरेर बैंकिङ प्रणालीबाटै पुँजी पलायन भइरहेको सूचना हामीलाई प्राप्त भएको छ । त्यसलाई गम्भीर रूपमा लिनुहोस् र रोक्नुहोस् । हामी जुनसुकै बेलामा छानबिन गरेर कारबाही गर्न सक्छौं ।" वित्तीय सेवाका ग्राहक र निक्षेपकर्ताका हित संरक्षणको निम्ति बैंकका सञ्चालकहरू जिम्मेवार हुनुपर्ने आवश्यकतामा गभर्नर अधिकारीले जोड दिनुभयो । बैंकिङ क्षेत्रविरुद्धका अवाञ्छित गतिविधिप्रति सबैले आवाज उठाउनुपर्ने उहाँको धारणा थियो ।



कार्यक्रममा नियमन विभागका निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले वित्तीय क्षेत्रका समसामयिक विषयवस्तुलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रउपर सहभागीहरूबीच अन्तरक्रिया भएको थियो । अन्तरक्रिया सत्रको सहजीकरण गर्दै डेपुटी गभर्नर बमबहादुर मिश्रले मर्जरपछिको कर्मचारी व्यवस्थापन, सञ्चालन जोखिमको न्यूनीकरण, गो-एएमएल रिपोर्टिङको प्रभावकारिता लगायतका विषयमा चर्चा गर्नुभयो ।

सो अवसरमा नियमन विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले बैंक तथा वित्तीय संस्थाका सञ्चालकले स्व:नियमनमा रहेर आफ्नो जिम्मेवारी बहन गर्नुपर्ने धारणा राख्नुभयो । कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकमार ढकाल र वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक विश्रुत थापाले समसामयिक विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो । विभागका सहायक निर्देशक प्रतिक्षा रिजालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# 'पूर्व कर्मचारीको योगदान स्मरणीय'

गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंकका पूर्व जनशक्तिको योगदान स्मरणीय रहेको बताउनुभएको छ।

नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघको स्थापना दिवसका अवसरमा जेठ १७ गते काठमाडौंमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले मुलुकको अर्थतन्त्रमा आवश्यक परेको बेलामा बैंकका जनशक्तिलाई राज्यले उपयोग गर्दै आएको धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "मुलुकको अर्थतन्त्रलाई आवश्यक परेको अवस्थामा राज्यले बैंकका पूर्व कर्मचारीलाई सम्भने गरेको छ। पूर्व कर्मचारीको उज्यालो विरासतलाई बचाएर राख्नु अहिलेका कर्मचारीको कर्तव्य हो।" अर्थतन्त्रका विषयमा नियमित लेख्ने र बहस गर्ने कार्यलाई निरन्तरता दिनसमेत गभर्नर अधिकारीले पूर्व कर्मचारीलाई सुझाव दिनुभयो। पूर्व कर्मचारीको पेन्सन भुक्तानीमा देखिएको समस्याको समाधानको निम्ति सुझाव दिन उहाँले पूर्व कर्मचारी संघलाई आग्रह गर्नुभयो।




सो कार्यक्रममा ७५ वर्ष उमेर पुगेका संघका सदस्यलाई सम्मान र संस्थापक अध्यक्ष मदनमानसिं बस्नेतप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो। कार्यक्रममा गभर्नर अधिकारीले फरक क्षमता भएका लक्ष्मी श्रेष्ठ र जेनिस नकर्मीलाई सामना पुरस्कार प्रदान गर्नुभयो। उक्त पुरस्कारका संस्थापक पूर्व निर्देशक डा.रेवतबहादुर कार्की हुनुहुन्छ।

कार्यक्रममा पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले बैंकमा निवृत्त कर्मचारीको विज्ञताको उपयोग हुनुपर्ने विचार व्यक्त गर्नुभयो। संघका अध्यक्ष सिद्धिकृष्ण जोशीको सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न भएको थियो। संघका सचिव पुष्पराज आचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# गरिबी निवारणमा लघुवित्त संस्थाको भूमिका महत्वपूर्ण : गभर्नर अधिकारी

गभर्नर महाप्रसाद अधिकारीले आर्थिक विभेदको अन्त्य र गरिबी निवारणको निम्ति लघुवित्त वित्तीय संस्थाको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ।

लघुवित्त संस्था सुपरिवेक्षण विभागद्वारा वैशाख ३० गते विराटनगरमा आयोजित संस्थागत सुशासन, जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीका सम्बन्धमा लघुवित्त संस्था सञ्चालक समितिका अध्यक्षहरूसँगको अन्तरक्रिया कार्यक्रममा उहाँले उक्त धारणा राख्नुभएको हो। नेपालको गरिबी निवारण, सामाजिक/आर्थिक विकास र वित्तीय समावेशीकरणको सन्दर्भमा लघुवित्त क्षेत्रको उल्लेख्य योगदान रहेको धारणा राख्नुभयो। लघुवित्त क्षेत्रमा हाल देखिएका समस्यालाई सबै मिलेर समाधान गर्नुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो।



कार्यक्रममा विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले लघुवित्तको वर्तमान अवस्था, समस्या र समाधानका विषयमा चर्चा गर्दै 'लघुवित्त वित्तीय संस्थाको वर्तमान अवस्था तथा समसामयिक छलफलका विषय'मा कार्यपत्र प्रस्तुत गर्नुभयो।

कार्यक्रममा कोशी, मधेश र बागमती प्रदेशमा केन्द्रीय कार्यालय रहेका लघुवित्त वित्तीय संस्थाका अध्यक्ष र सञ्चालकहरूको सहभागिता थियो। कार्यक्रममा सहभागीका तर्फबाट आफ्ना जिज्ञासासँगै लघुवित्त क्षेत्रका विद्यमान समस्याबारे धारणा राखिएको थियो। सो अवसरमा विभागका निर्देशक केशवबहादुर केसीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो। ■

# गुनासो व्यवस्थापनसम्बन्धी अन्तरक्रिया



गभर्नरको कार्यालयले जेठ १६ गते गुनासो व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । 'ख' र 'ग' वर्गका वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत र गुनासो सुन्ने अधिकारीहरूको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो ।

वित्तीय ग्राहक संरक्षणका सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट अवलम्बन गरिएका नीतिगत व्यवस्था, वित्तीय ग्राहकका गुनासो र यसको सुनुवाइ प्रक्रिया, गुनासो व्यवस्थापनमा बैंक तथा वित्तीय संस्थाको भूमिकामा केन्द्रित रहेर उक्त कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले राष्ट्र बैंकमा आउने गुनासोका सन्दर्भबारे चर्चा गर्दै यस्ता गुनासाहरू सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाटै हल हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । वित्तीय संस्थाले ब्याजदर गणना विधि, सेवा शुल्क, कर्जा नवीकरण प्रक्रिया, अग्रिम कर्जा भुक्तानीका सर्त, विलम्ब शुल्क, कालो सूचीसम्बन्धी व्यवस्था, एटीएम कार्ड शुल्कलगायतका विषयमा सरल भाषाको प्रयोग गरी ग्राहकलाई बुझाउनुपर्ने बताउनुभयो ।

डेपुटी गभर्नर बमबहादुर मिश्रले सहभागीका जिज्ञासाको जवाफ दिँदै सामान्य किसिमका गुनासो पनि राष्ट्र बैंकमा आउने गरेको उल्लेख गर्दै वित्तीय संस्थाले आफ्ना ग्राहकका गुनासोलाई तत्काल सम्बोधन गर्न गुनासो सुनुवाइ इकाइलाई अझ सशक्त बनाउन निर्देशन दिनुभयो ।

सो अवसरमा गभर्नरको कार्यालयका निर्देशक किरण पण्डितले वित्तीय ग्राहक संरक्षणको सैद्धान्तिक अवधारणा, व्यावहारिक पक्ष, यससम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास, राष्ट्र बैंकको गुनासो व्यवस्थापन संयन्त्रलगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा सहभागीको तर्फबाट डेभलपमेण्ट बैंकर्स एसोसिएसनका अध्यक्ष सुयोग श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलले स्वागत मन्तव्य राख्दै ग्राहकका जायज गुनासालाई तत्काल सम्बोधन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । उप-निर्देशक टेकराज भण्डारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# बैंकिङ कानुनसम्बन्धी अन्तरक्रिया



कानुन महाशाखाले जेठ १२ गते काठमाडौंमा 'बैंकको कार्यसम्पादनमा प्रयोग हुने कानुन' सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विभिन्न विभाग/कार्यालयमा कार्यरत ३३ जना उप-निर्देशक (अधिकृत द्वितीय श्रेणी) को सहभागितामा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा गभर्नर महाप्रसाद अधिकारीले बैंकको कार्यसम्पादनको सिलसिलामा कानुनी व्यवस्थाको पालना र प्रभावकारी कार्यान्वयन गर्न सहभागीहरूलाई निर्देशन दिनुभयो । बैंकका कामकारबाही कानुनी दृष्टिले स्वीकार्य हुनुपर्ने उहाँको धारणा थियो । हाल प्रचलनमा रहेका कानुनलाई समयसापेक्ष संशोधन गर्दै जानुपर्ने आवश्यकता गभर्नर अधिकारीले औंल्याउनुभयो ।

कार्यक्रममा महाशाखाका उप-निर्देशक डिल्लीराम न्यौपानले 'राष्ट्र बैंकसम्बद्ध कानुनी विवादः विषयवस्तु र न्यायिक दृष्टिकोण' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले राष्ट्र बैंकको अधिकार र कार्यप्रकृति, बैंकसम्बद्ध मुद्दा, अदालती प्रक्रिया, बैंकिङ कसुरसम्बन्धी नजिरलगायतका विषयमा चर्चा गर्नुभयो ।

यसै गरी, उप-निर्देशक जुगलकिशोर कुशवाहाले 'बैंकको कार्यसम्पादनमा प्रयोग हुने कानुनः आधारभूत अवधारणा र विवेचना' विषयक कार्यपत्र प्रस्तुत गर्दै राष्ट्र बैंकको न्यायिक कार्यक्षेत्र, नेपालमा कमन ल प्रणालीको प्रभाव, बैंकिङ कानुनको सैद्धान्तिक पक्ष र कसुरलगायतका विषयबारे जानकारी दिनुभयो ।

सो अवसरमा कानुन महाशाखाका निर्देशक दीपकराज लामिछानेले स्वागत मन्तव्य राख्दै विधिशास्त्रीय मान्यता र बैंकसम्बद्ध कानुनका विविध पक्षबारे जानकारी दिने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको स्पष्ट पार्नुभयो । महाशाखाका सहायक निर्देशक सरिता महर्जनले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विद्युतीय भुक्तानी प्रवर्द्धनसम्बन्धी अनुशिक्षण




भुक्तानी प्रणाली विभागले विद्युतीय माध्यमबाट हुने कारोबारलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने उद्देश्यले जेठ २२ गते रूपन्देहीको तिलोत्तमामा अनुशिक्षण कार्यक्रम आयोजना गर्‍यो ।

डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको उपस्थितिमा विभागले उक्त अनुशिक्षण आयोजना गरेको हो । 'विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन वर्ष' मनाउने सन्दर्भमा आयोजित उक्त कार्यक्रममा डेपुटी गभर्नर तिम्सिनाले विद्युतीय भुक्तानी प्रवर्द्धनलाई राष्ट्र बैंकले उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै पछिल्लो समय विद्युतीय भुक्तानीमा उल्लेख्य प्रगति भएको धारणा राख्नुभयो । विद्युतीय भुक्तानीको विस्तारसँगै यसमा चुनौती र जोखिमको मात्रा बढेकाले त्यस्ता जोखिमको व्यवस्थापनको निम्ति सजगता अपनाउनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले विद्युतीय भुक्तानीसँग सम्बन्धित विविध विषयलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा नेपालमा भुक्तानी प्रणालीको विकासक्रम, विद्यमान कानुनी र नीतिगत व्यवस्था, विद्युतीय भुक्तानीको वर्तमान स्थिति, यसका चुनौतीलगायतका विषय समेटिएको थियो । कार्यपत्र प्रस्तुतिपछि सहभागीहरूबीच छलफल भएको थियो ।

अनुशिक्षण कार्यक्रममा रूपन्देहीस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो । कार्यक्रममा सिद्धार्थनगर कार्यालयका उप-निर्देशक जीवनप्रकाश पाण्डेयले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने भुक्तानी प्रणाली विभागका उप-निर्देशक डा. दीपक अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

## सिद्धार्थनगरमा ज्ञान आदानप्रदान कार्यक्रम

सिद्धार्थनगर कार्यालयले जेठ ३२ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । कार्यालयका निर्देशक सत्येन्द्रराज सुवेदीको संयोजकत्वमा आयोजित कार्यक्रममा प्रधान सहायक कमलप्रसाद आचार्य र सहायक दीक्षा अर्यालले आर्थिक वर्ष २०७९/८०को अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन विषयमावार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो । ■

## वित्त व्यवस्थापन विभागद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

वित्त व्यवस्थापन विभागले जेठ ७ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार छेत्रीको अध्यक्षतामा आयोजित कार्यक्रममा विभागका सहायक निर्देशक अभिषेक कोइरालाले 'रोजगारीबाट हुने आयको गणना, कर कट्टी तथा अन्य व्यवस्था' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमाथि सहभागीहरूबीच छलफल भएको थियो । कार्यक्रममा विभागका ३७ जना कर्मचारीको सहभागिता थियो । ■

# धितोपत्र क्षेत्रका सूचक संस्थाहरूसँग अन्तरक्रिया




वित्तीय जानकारी इकाइले जेठ १२ गते काठमाडौँमा गो-एएमएलको 'लाइभ रिपोर्टिङ' सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

धितोपत्र क्षेत्रका नियामक निकाय र सूचक संस्थाका कार्यान्वयन अधिकारीहरूको सहभागितामा इकाईले उक्त अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज, सीडीएस एण्ड क्लियरिङ लिमिटेड, मर्चेन्ट बैंक र धितोपत्र दलाल व्यवसायीका कार्यान्वयन अधिकारी तथा सम्बन्धित कर्मचारीको सहभागिता थियो ।

कार्यक्रममा इकाइका उप-निर्देशक केशवप्रसाद रिमालले 'goAML Reporting' र सहायक (सू.प्र.) विवेश पोखरेलले 'Live Reporting in goAML (Technical Session)' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा धितोपत्र बोर्डका कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको विषयलाई धितोपत्र व्यवसायीले गम्भीर रूपमा लिँदै प्रभावकारी रिपोर्टिङका लागि सक्रियता देखाउन सूचक संस्थाहरूहरूलाई निर्देशन दिनुभयो । त्यसको निम्ति आवश्यक समन्वय गर्न धितोपत्र बोर्ड तयार रहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा वित्तीय जानकारी इकाइका प्रमुख दीर्घबहादुर रावलले अपराध र आतङ्कवादमुक्त समाज निर्माण गर्न सरोकारवाला निकायको सक्रिय भूमिका आवश्यक रहने बताउनुभयो । धितोपत्र क्षेत्रलाई आपराधिक कार्यबाट आर्जित सम्पत्तिलाई शुद्धीकरण गर्ने माध्यमको प्रयोग गर्न नसक्ने गरी सम्बद्ध संस्थाहरूलाई सबल बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सो अवसरमा नेपाल धितोपत्र दलाल संघका अध्यक्ष धर्मराज सापकोटाले सम्पूर्ण धितोपत्र दलाल व्यवसायीलाई यथाशीघ्र गो-एएमएल प्रणालीमा आबद्ध गर्न संघ प्रतिबद्ध रहेको जानकारी दिनुभयो । ■

# हुम्लाको सिमकोटमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम




गभर्नरको कार्यालयले जेठ ८ गते हुम्लाको सदरमुकाम सिमकोटमा डिजिटल वित्तीय साक्षरतासम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरेको छ ।

सो अवसरमा कार्यालयका निर्देशक किरण पण्डितले डिजिटल वित्तीय साक्षरताका विविध पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले डिजिटल वित्तीय साक्षरताको अवधारणा, वित्तीय सेवाको आधारभूत वित्तीय जानकारी, खर्चको प्राथमिकता निर्धारण, डिजिटल वित्तीय सेवा र यसको उपयोगिता, विद्युतीय भुक्तानी कारोबारको सुरक्षित प्रयोग, यसको प्रवर्द्धनमा राष्ट्र बैंकबाट भएका प्रयास र वित्तीय ग्राहक संरक्षणका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा स्थानीय मानसरोवर बहुमुखी क्याम्पसका प्रमुख दिपक भण्डारी र मानसरोवर उच्च माध्यामिक विद्यालयका प्राचार्य अमरबहादुर शाहीले डिजिटल वित्तीय कारोबार बढ्दै गएको सन्दर्भमा सोसम्बन्धी चेतना अभिवृद्धिमा उक्त कार्यक्रम फलदायी रहने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले समापन मन्तव्य राख्दै डिजिटल वित्तीय साक्षरताको सान्दर्भिकताबारे चर्चा गर्नुभयो । कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, स्थानीय व्यवसायी, महिला, मानसरोवर बहुमुखी क्याम्पस र मानसरोवर माध्यमिक विद्यालयका विद्यार्थीसहित १०८ जनाको सहभागिता थियो ।

गभर्नरको कार्यालयका उप-निर्देशक डा. रमेशप्रसाद चौलागाईंले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वीरगञ्जमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया



वीरगञ्ज कार्यालयले जेठ ३१ गते सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो।

सम्बद्ध सूचक संस्था र सरोकारवाला निकायका प्रतिनिधिको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो। सो अवसरमा इकाइका उप-निर्देशक स्वरूप श्रेष्ठ र सहायक निर्देशक अमिश शर्माले सम्पत्ति शुद्धीकरण निवारण र गो-एएमएल प्रणालीका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यक्रमको पहिलो सत्रमा सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीअन्तर्गत पर्ने कारोबार, सोको नियन्त्रणको लागि सरोकारवाला निकायबीचको अन्तरसम्बन्ध तथा दोस्रो सत्रमा गो-एएमएल प्रणालीको अवधारणा, विशेषता, सञ्चालन संरचना र यसले समेट्ने क्षेत्रलगायतका विषयमा जानकारी दिइएको थियो।

सो अवसरमा वीरगञ्ज कार्यालयका निर्देशक अजित रेग्मीले समापन मन्तव्य राख्दै सम्पत्ति शुद्धीकरण निवारणका सन्दर्भमा सरोकारवाला निकायको ज्ञान/सीप र क्षमता अभिवृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा बारा र पर्सा जिल्लास्थित बैंक तथा वित्तीय संस्था, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, सहकारी संस्थाका प्रतिनिधिसहित ७५ जनाको सहभागिता थियो।

वीरगञ्ज कार्यालयका उप-निर्देशक रचना शर्मा पराजुलीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्य र आवश्यकताबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक श्यामसुन्दर प्रसाद केशरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# वित्त व्यवस्थापन विभागको गोष्ठी सम्पन्न




वित्त व्यवस्थापन विभागले जेठ १२ गते भक्तपुरमा 'विद्युतीय भुक्तानी र निवृत्तिभरण भुक्तानीसम्बन्धी कार्यविधि'का सम्बन्धमा गोष्ठी आयोजना गर्‍यो।

विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार छेत्रीको अध्यक्षतामा आयोजित गोष्ठीमा ३५ जना कर्मचारीको सहभागिता थियो। गोष्ठीमा विभागीय कामकारबाहीसँग सम्बन्धित चार वटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो।

सो अवसरमा विभागका प्रधान सहायक लेखबहादुर पाण्डेले 'नेपाल राष्ट्र बैंक, विद्युतीय माध्यमबाट भुक्तानी प्रदान गर्नेसम्बन्धी कार्यविधि, २०७८' र सहायक राजकुमार बस्नेतले 'भ्रमण बिल भुक्तानीमा विद्युतीय माध्यमको प्रयोग र व्यावहारिक समस्या' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। यसै गरी उप-निर्देशक यामलाल सुवेदीले 'खरिद बिल्सको लेखाङ्कन तथा विद्युतीय माध्यमबाट भुक्तानी प्रक्रिया र व्यावहारिक समस्या' र सहायक सुजन दवाडीले 'नेपाल राष्ट्र बैंक, निवृत्तिभरण भुक्तानीसम्बन्धी कार्यविधि, २०७९' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। प्रस्तुत कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो।

कार्यक्रममा कार्यकारी निर्देशक क्षेत्रीले विभागका नियमित कामकारबाहीबारे कर्मचारीलाई जानकारी दिने सन्दर्भमा यस्तो कार्यक्रम उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो। विभागका उप-निर्देशक रवीन्द्र भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले जेठ महिनामा विभिन्न तालिम कार्यक्रम सम्पन्न गरेको छ । यस क्रममा केन्द्रले जेठ २ देखि ५ गतेसम्म पोखरामा 'Foreign Exchange Management in Nepal' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । तालिममा विभिन्न विभाग/कार्यालयका ३० जना सहायकस्तरका कर्मचारीको सहभागिता थियो । नौ वटा सेसनमा विभाजित उक्त तालिममा नेपालमा विदेशी विनिमय व्यवस्थापन, वैदेशिक लगानी र ऋण, इजाजत र सुपरिवेक्षण, विनिमय सटही सुविधा, आयात/निर्यातको भुक्तानी प्रक्रियालगायतका विविध पक्षबारे प्रशिक्षण दिइएको थियो ।

यसै गरी, केन्द्रले जेठ १४ देखि १७ गतेसम्म भैरहवामा "Macro Prudential Regulation and Financial Stability" विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो । नौ वटा सेसनमा सञ्चालित उक्त तालिममा म्याक्रो प्रुडेन्सियल नीतिको अवधारणा, नेपालमा यसको अभ्यास, वित्तीय स्थायित्व, प्रणालीगत जोखिम, दबाब परीक्षण, बासेलको संरचनाको अवलम्बनलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो । तालिममा ३२ जना अधिकृतस्तरका कर्मचारीको सहभागिता थियो ।

यसै गरी, केन्द्रले जेठ २१ देखि २६ गतेसम्म काठमाडौंमा 'Econometric Tools for Policy Evaluation' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । १४ वटा सेसनमा सञ्चालित उक्त तालिममा आर्थिक नीतिको विश्लेषण र मूल्याङ्कनमा प्रयोग गरिने विभिन्न पद्धतिबारे प्रशिक्षण दिइएको थियो । तालिममा अधिकृतस्तरका ३० जना कर्मचारीको सहभागिता थियो । ■

# सिद्धार्थनगरमा समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया




सिद्धार्थनगर कार्यालयले जेठ ३२ गते समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख, प्रदेशस्थित वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा प्रतिनिधिहरूको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा कार्यालयका निर्देशक सत्येन्द्रराज सुवेदीले लुम्बिनी प्रदेशको आर्थिक तथा वित्तीयस्थितिसम्बन्धी तथ्याङ्क र समसामयिक बैंकिङ विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । बैंक तथा वित्तीय संस्थाबाट हुने सेवा प्रवाहका प्रक्रिया, सेवाबापतका शुल्कसम्बन्धी व्यवस्थाहरू पारदर्शी हुनुपर्ने उल्लेख गर्दै राष्ट्र बैंकबाट जारी भएका नीतिगत निर्देशनको पालनाप्रति ध्यानाकर्षण गराउनुभयो ।

कार्यपत्रमाथि सहभागीहरूबीच छलफल भएको थियो । कार्यक्रममा सिद्धार्थनगर कार्यालयका उप-निर्देशक जीवनप्रकाश पाण्डेयले स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक कमलप्रसाद आचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# पूर्व सेवाकालीन तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले जेठ १४ गते नियुक्त भएका नवप्रवेशी सहायक निर्देशकहरूका निम्ति पूर्व सेवाकालीन तालिम सञ्चालन गरेको छ।

जेठ १४ देखि २५ गतेसम्म सञ्चालित उक्त तालिममा प्रशासनतर्फ १७ र सूचना प्रविधितर्फका एक गरी १८ जना सहायक निर्देशकहरूको सहभागिता थियो।

गभर्नर महाप्रसाद अधिकारीले तालिमको उद्घाटन गर्नुभयो। सो अवसरमा गभर्नर अधिकारीले वित्तीय प्रणालीमा विभिन्न चुनौती देखिएको उल्लेख गर्दै वित्तीय स्थायित्वका निम्ति प्रतिबद्ध र कर्तव्यनिष्ठ भई कार्यसम्पादन गर्न नवप्रवेशी अधिकृतहरूलाई निर्देशन दिनुभयो।

३२ वटा सेसनमा सञ्चालित उक्त तालिममा नेपाल राष्ट्र बैंकका २८ र बैंकबाहिरका चार जना गरी जम्मा ३२ जना विज्ञ प्रशिक्षकले प्रशिक्षण दिनुभएको थियो।



यस क्रममा पूर्व गभर्नर दीपेन्द्रपुरुष ढकालले 'Good Governance' र पूर्व का.मु.गभर्नर कृष्णबहादुर मानन्धरले 'Leadership Experience Sharing' विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो। तालिम कार्यक्रमको पहिलो दिन जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले स्वागत मन्तव्य राख्दै कर्मचारीको आचरण, अनुशासन र अन्य विविध विषयमा सहभागीलाई जानकारी गराउनुभयो।

तालिमको अन्तिम दिन डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले समापन मन्तव्य राख्दै बैंकको उद्देश्य प्राप्तिको निम्ति अनुशासित र लगनशील भएर कार्यसम्पादन गर्न नवप्रवेशी अधिकृतहरूलाई निर्देशन दिनुभएको थियो।

केन्द्रका उप-निर्देशक शिवप्रसाद घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# नियुक्ति तथा पदस्थापन

खुला प्रतियोगितात्मक प्रतियोगितामा उत्तीर्ण हुनुभएका १८ जनालाई सहायक निर्देशक (अधिकृत तृतीय श्रेणी) मा नियुक्त गरिएको छ। जेठ १४ गते नियुक्त हुनुभएका उहाँहरूको विभिन्न विभाग/कार्यालयमा पदस्थापन भएको छ।

जसअनुसार प्रशासन सेवातर्फ चक्रबहादुर बस्नेत बैंक सुपरिवेक्षण विभाग, दामोदर नेपाल र गोपीकृष्ण आर्याल विदेशी विनिमय व्यवस्थापन विभाग, ममता केसी मौद्रिक व्यवस्थापन विभाग, उत्सवराज पन्त र निविदा पाण्डे बैंक तथा वित्तीय संस्था नियमन विभाग, कमल पौडेल वित्तीय जानकारी इकाइ, दामोदर बस्याल भुक्तानी प्रणाली विभाग, चूरामणि लम्साल बैंकिङ विभाग, मौसमी मल्ल जनकपुर कार्यालय, मनीष श्रीवास्तव सिद्धार्थनगर कार्यालय, दीपिका उप्रेती र देवकान्त मण्डल विराटनगर कार्यालय, उषा बस्याल जनशक्ति व्यवस्थापन विभाग, ममता चौधरी वीरगञ्ज कार्यालय, चिनिया लामा सुर्खेत कार्यालय र अन्जना जोशी पोखरा कार्यालयमा पदस्थापन हुनुभएको छ। यसै गरी, सूचना प्रविधितर्फ सलोनी शिखा सूचना प्रविधि विभागमा पदस्थापन हुनुभएको छ। ■

# अवकाश

सिद्धार्थनगर कार्यालयका कार्यालय सहयोगी तृतीय राजाराम महतो खुलवटले ५८ वर्ष उमेर हदका कारण २०८० जेठ २० देखि सेवाबाट अवकाश पाउनुभएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०/३६२
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
सविन ओली
लालकुमार सुवेदी
नवीना ताम्राकार

*ले-आउट*
संजीव दाहाल